"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

इन्द्रसरोवर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुलेखानी, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४

च. नं.: ९४९

सूचना प्रकाशित मितिः २०८३/०५/०८

विषयः विषय विज्ञको सूचीकरण (Roster) मा नाम समावेश गर्ने आवेदन पेश गर्ने सम्बन्धी सूचना।

यस गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरूमा रिक्त हुने शिक्षक पदमा करार शिक्षक छनौट तथा प्रधानाध्यापक पदका लागि सिफारिस गर्न आवश्यक पर्ने विषयगत दक्षता भएका विषय विज्ञहरूको शिक्षा नियमावली, २०५९ को नियम ९६क को उपनियम (६) बमोजिम सूचीकरण गर्नुपर्ने भएकाले इच्छुक योग्य व्यक्तिहरूबाट विषय विज्ञको सूचीकरणका लागि आवेदन आह्वान गरिएको छ।

१. विषय विज्ञका लागि आवश्यक न्यूनतम योग्यता

क. इसिडी र आधारभूत तहका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक तह र माध्यमिक तहका लागि सम्बन्धित विषयमा कम्तिमा  स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने ।

ख. तालिम प्राप्त अथवा शिक्षा शास्त्र विषयमा स्नातक अथवा स्नातकोत्तर गरेको हुनुपर्ने

ग. सम्बन्धित विषयमा कम्तीमा १ वर्षको स्थायी सहित ३ वर्षको शिक्षण अनुभव भएको हुनुपर्ने। (प्राबिधिक धार र माध्यमिक तह (११-१२) लागि स्थायी अनुभब आवस्यक नपर्ने)

२. आवश्यक कागजातहरू

आवेदनसाथ देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धाङ्कपत्रको प्रतिलिपि।
- नियुक्ति पत्र र अध्यापन अनुभव खुल्ने प्रमाणपत्र/कागजात (सेवा प्रमाणित पत्र) ।
- सम्बन्धित विषयमा प्राप्त तालिमका प्रमाणपत्रहरू भए सोको प्रतिलिपि।
- व्यक्तिगत विवरण (Bio-data/CV) ।
- पासपोर्ट साइजको फोटो १ प्रति ।
- आफुले विज्ञ हुन चाहेको तहको विषयगत र बस्तुगत प्रश्न पत्र सेट -१ प्रति

३. आवेदन पेश गर्ने अवधि र स्थान

दरखास्त बुझाउने अन्तिम मितिः २०८३/०५/२३ गतेसम्म।

४. अन्य व्यवस्था

१. विषय विज्ञको सूचीकरण तह तथा विषयगत रूपमा गरिनेछ।

२. सूचीकरणमा समावेश हुँदैमा कुनै परीक्षा वा छनौट कार्यमा अनिवार्य रूपमा विषय विज्ञको रूपमा छनौट हुने अधिकार प्राप्त भएको मानिने छैन।

३. आवश्यकताका आधारमा विद्यालयहरुले सूचीकरणमा रहेका विज्ञहरूबाट विषय विज्ञ छनौट/मनोनयन गर्नेछ।

४. विषय विज्ञका रूपमा छनौट भएका व्यक्तिले प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता तथा अन्य तोकिएका कार्यमा निष्पक्षता, गोपनीयता र स्वार्थको द्वन्द्व नरहेको घोषणा गर्नुपर्नेछ।

५. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानुन तथा गाउँपालिकाको निर्णयबमोजिम हुनेछ।

.....................

धर्मानन्द पन्त

शिक्षा शाखा प्रमुख

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

## विषय विज्ञ सूचीकरणका लागि आवेदन फाराम

(शिक्षा नियमावली, २०५९ को नियम ९६क को उपनियम (६) बमोजिम)

१. व्यक्तिगत विवरण

| विवरण | विवरण भर्ने |
|---|---|
| नाम, थर | ................................................................. |
| जन्म मिति | ................................................................. |
| स्थायी ठेगाना | प्रदेश : ............... ... जिल्ला : ............ ...... स्थानीय तह : .................. .... वडा नं. ...... |
| सम्पर्क नं. | ................................................................. |
| इमेल ठेगाना | ................................................................. |
| हाल कार्यरत संस्था | .............................................................. |
| पद/श्रेणी/तह | ................................................................. |
| विषय विज्ञको रूपमा सूचीकरण हुन चाहेको तह : | ☐ इसिडी ☐ आधारभूत तह ☐ माध्यमिक तह |
| विषय विज्ञको रूपमा सूचीकरण हुन चाहेको विषय | ................................................................. |

२. शैक्षिक योग्यता

| क्र.सं. | शैक्षिक योग्यता | विषय/मुख्य विषय | उत्तीर्ण संस्था/विश्वविद्यालय | उत्तीर्ण वर्ष | श्रेणी/GPA |
|---|---|---|---|---|---|
| १ | एस.एल.सी./एसईई | | | | |
| २ | प्रमाणपत्र तह/+२ | | | | |
| ३ | स्नातक | | | | |
| ४ | स्नातकोत्तर | | | | |
| ५ | अन्य | | | | |

३. तालिम

| क्र.सं. | तालिम | विषय | अवधि | प्रदान गर्ने संस्था | श्रेणी/GPA |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

४. शिक्षण तथा पेशागत अनुभव

| क्र.सं. | कार्यरत संस्था | पद/तह | विषय | कार्य अवधि | स्थायी/अस्थायी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

स्थायी अनुभब ...... वर्ष ...... महिना अस्थायी अनुभब ...... वर्ष ...... महिना जम्मा अनुभव : ... वर्ष ......... महिना

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

५. विषयगत दक्षता तथा विज्ञता

आफूलाई विषय विज्ञको रूपमा प्रस्तुत गर्न चाहेको विषयमा आफ्नो दक्षता/अनुभवको संक्षिप्त विवरण उल्लेख गर्नुहोस्।

.............................................................................................................................................................

६. विषय विज्ञको रूपमा गर्न सक्ने कार्यहरू

तलका कार्यमध्ये आफूले गर्न सक्नेमा ✓ चिन्ह लगाउनुहोस्।

- ☐ करार शिक्षक छनोटका लागि प्रश्नपत्र निर्माण
- ☐ लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण
- ☐ विषयगत अन्तर्वार्ता सञ्चालन/मूल्याङ्कन
- ☐ प्रधानाध्यापक पदका लागि उम्मेदवारको विषयगत मूल्याङ्कन
- ☐ शिक्षक छनोट प्रक्रियाका अन्य विषयगत कार्य
- ☐ अन्य ..........................................................................................................

८. संलग्न गर्नुपर्ने कागजातहरू

- ☐ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- ☐ शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि
- ☐ अध्यापन अनुमति पत्रको प्रतिलिपि
- ☐ स्थायी/अस्थायी शिक्षक नियुक्ति वा सेवासम्बन्धी प्रमाणपत्रको प्रतिलिपि
- ☐ शिक्षण अनुभव प्रमाणित हुने कागजात
- ☐ विषयगत तालिम/दक्षता प्रमाणपत्रहरूको प्रतिलिपि
- ☐ अन्य ..........................................................................................................

९. स्वघोषणा

माथि उल्लिखित विवरणहरू मेरो जानकारी र विश्वासअनुसार सत्य तथा सही छन्। मैले पेश गरेका शैक्षिक योग्यता, अनुभव तथा अन्य कागजातहरू प्रमाणित प्रतिलिपि हुन्। झुट्टा विवरण वा नक्कली कागजात पेश गरेको प्रमाणित भएमा प्रचलित कानूनबमोजिम हुने कारबाही स्वीकार गर्नेछु।

इन्द्रसरोवर गाउँपालिकाबाट विद्यालयमा रिक्त हुने शिक्षक पदमा करार शिक्षक छनोट/ प्रधानाध्यापक पदका लागि सिफारिस गर्ने प्रयोजनका लागि विषय विज्ञको रूपमा सूचीकरण हुन मेरो नाम समावेश गरिदिनुहुन अनुरोध गर्दछु। विषय विज्ञको रूपमा जिम्मेवारी प्राप्त भएमा गाउँपालिकाले तोकेको कार्य, समय र प्रक्रियाअनुसार निष्पक्ष तथा गोप्य रूपमा कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

आवेदकको :

नाम, थर : ..........................................................................................

दस्तखत : ..........................................................................................

सम्पर्क नं. : ..........................................................................................

मिति : २०८३/......../........